फोन नं.- ०६१-
४६७६५४
०६१-४६७६६९,
४६७६७०

प्रदेश सरकार

# उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

पत्र संख्या ०७६/०७७
चलानी नं. 1162

मिति : २०७६।१२।१७

## विषय : विवरण उपलब्ध गराई दिनुहुन ।

**श्री स्थानीय तह सवै**
**गण्डकी प्रदेश ।**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको Corona Virus (Covid-19) को संक्रमण हाम्रो देशमा समेत देखिएका कारण संक्रमण थप नफैलियोस भन्ने उद्देश्यले रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले हाल विभिन्न चरणमा लक डाउनका कार्यक्रम तय गरेको व्यहोरा विदितै छ । संक्रमणको अवस्था हेरी बढ्दै जान सक्ने यस्तो लक डाउनका कारण अत्यावश्यक वस्तुहरुको आपूर्तिमा समस्या सिर्जना भई जनजीवन थप कष्ठकर नबनोस्, माग र आपूर्तिबीच सन्तुलन कायम होस् र तहाँ स्थानीय तहबाट आपूर्ति व्यवस्थापन, राहत संकलन, क्वारेन्टाईन तथा राहत प्याकेज लगायतका विषयमा भए गरेका प्रयासहरुमा यस मन्त्रालयबाट आवश्यक सहयोग पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले तहाँ स्थानीय तहको संलग्न बमोजिमको विवरण आवश्यक पर्ने हुँदा यथाशीघ्र उपलब्ध गराईदिनुहुन निर्णयानुसार अनुरोध छ ।

**पुनश्चः** प्रदेश सरकारको मिति २०७६।१२।१५ को निर्णयको छाँयाप्रति तथा प्रदेश अनुगमन समितिको मिति २०७६।१२।१६ को निर्णयको छायाँ प्रति यसैसाथ संलग्न राखिएको छ ।

स्थानीय तहले भर्नुपर्ने विवरणको ढाँचा र मोवाईल एप्स मन्त्रालयको वेवसाईट www.moitfe.gandaki.gov.np बाट डाउनलोड गर्न सकिने छ । डाउनलोड नभएमा मन्त्रालयमा सम्पर्क राख्न सकिने छ ।

सम्पर्क नम्वरः ०६१ ४६७६५४, ४६७६६९ र ४६७६७०

दिनेश प्रकाश आचार्य
महाशाखा प्रमुख

**बोधार्थ :**
श्री जिल्ला समन्वय समिति, सवै
गण्डकी प्रदेश ।

प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन नं.- ०६१-४६७६७०
०६१-४६७६५४
E-mail:-moitfe4@gmail.com
Website :- moitfe.gandaki.gov.np

प.सं. ०७६/०७७
च.नं. ११६२

मितिः- २०७६/१२/१७

प्रमुख जिल्ला अधिकारीज्यू
सवै जिल्ला, गण्डकी प्रदेश ।

**विषयः** आवश्यक सहयोग गरिदिने सम्वन्धमा ।

कोरोना संक्रमणको असहज परिस्थितिमा दैनिक अत्यावश्यक उपभोग्य वस्तुको सहज आपूर्ति, मूल्य र गुणस्तर सम्बन्धी कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्न प्रदेश मन्त्रिपरिषदको मिति २०७६।१२।१५ को निर्णय अनुसार यहाँको संयोजकत्वमा देहाय बमोजिमका सदस्य रहनुभएको एक जिल्लास्तरीय आपूर्ति अनुगमन समिति गठन भएको व्यहोरा जानकारी गराउँदछु । साथै मिति २०७६।१२।१५ गतेको प्रदेश मन्त्रिपरिषदको निर्णय र मिति २०७६।१२।१६ गतेको प्रदेश स्तरीय आपूर्ति अनुगमन समितिको निर्णयमा आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ । निर्णयको प्रतिलिपी यसैसाथ संलग्न रहेको छ ।

**तपसिल**

| | |
|---|---|
| १. प्रमुख जिल्ला अधिकारी | संयोजक |
| २. जिल्ला समन्वय अधिकारी | सदस्य |
| ३. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. जिल्ला सुरक्षा निकायका प्रमुख | सदस्य |
| ५. स्थानीय जिल्ला उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष | सदस्य |
| ६. नेपाल चेम्वर अफ कमर्शका सम्वन्धित जिल्ला प्रमुख | सदस्य |
| ७. सम्वन्धित जिल्लाका उद्योग वाणिज्य संघका अध्यक्ष | सदस्य |
| ८. सम्वन्धित जिल्लाका पत्रकार महासंघका अध्यक्ष | सदस्य |
| ९. सम्वन्धित जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख | सदस्य सचिव |

१२।१६

दिनेश प्रकाश आचार्य
(सदस्य सचिव)